# भावजाह्नवी





प्रकाशक

**पन्त समाज नेपाल**

मनमैजु, काठमाडौँ

२०६७




वि.सं. २०६६/५/१८ गते ए बी पार्टी प्यालेस, सामाखुसीमा आयोजित पहिलो साधारणसभामा वेदराज पन्तद्वारा लिखित पिँढीशिक्षा नामक पुस्तकको नामक पुस्तकको सभापति डा. शास्त्रदत्त पन्तद्वारा विमोचित हुँदै गरेको र लेखक तथा मञ्चासीन व्यक्तिको समुपस्थिति रहेको चित्र



वि.सं. २०६६/५/१८ गते ए बी पार्टी प्यालेस, सामाखुसीमा आयोजित
पहिलो साधारणसभामा उपस्थित पन्तबन्धुहरू

# भावजाह्नवी

## (पन्त समाज नेपालको मुखपत्र)

वर्ष-१ | अङ्क-१

**प्रकाशन तथा सम्पादन समिति**

जयराज पन्त (प्रा.डा.) संयोजक
शास्त्रदत्त पन्त (डा.) सदस्य
दिनेशराज पन्त (प्रा.) सदस्य

**विशेष सहयोगी**

हरिहरदेव पन्त (डा.) — ध्रुवराज पन्त
अमर पन्त (रथी अ.प्रा.) — पुष्करराज पन्त
एकेन्द्र पन्त — भूपनिधि पन्त
छविराज पन्त (सचिव, नेपाल सरकार) — सविनकुमार पन्त
जीवमूर्ति पन्त — सृजना पन्त

**प्रकाशक**

**पन्त समाज नेपाल**
मनमैजु, काठमाडौँ
२०६७

# धन्यवादज्ञापन

**पन्त समाज नेपाल हार्दिक धन्यवाद ज्ञापन गर्दछ–**

- वंशावली, लेख, रचना र प्रतिवेदन उपलब्ध गराई मद्दत गर्ने महानुभावहरूलाई ।
- नेपाल अधिराज्यभरि बसोबास गरिरहेका पन्त थरका विद्यार्थीबाट हरेक वर्षको एस. एल. सी. परीक्षामा सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने छात्र र छात्रा एकेकजना तथा सोही थरका विपन्न परिवारका जेहेन्दार विद्यार्थीमध्ये सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने छात्र र छात्रा एकेकजनालाई मासिक रू. २,५००/- (दुईहजार पाँचसय रुपैयाँ) का दरले एकवर्षका लागि छात्रवृत्ति उपलब्ध गराउने गरी प्रतिवर्ष रु. १,२०,०००/- (एकलाख बीसहजार रुपियाँ) प्रदान गर्ने यस समाजका सल्लाहकार तथा पूर्वमहान्यायाधिवक्ता तथा वरिष्ठ अधिवक्ता सुशीलकुमार पन्तलाई ।
- ज्यादै परिश्रमपूर्वक सम्पादन कार्य गरिदिने सम्पादन समितिका संयोजक र सदस्यहरूलाई ।
- टाइप गरिदिने एस.बी. कम्प्युटर सर्भिसका शशिकला, वसन्तीकला र सारादेवी राईलाई ।
- प्रुफ रिडिङ्, डिजाइनिङ्ग र कम्प्युटर सेटिङ्गमा मद्दत गरिदिने महानुभावहरूलाई ।
- मुद्रण गरिदिने बगलामुखी अफसेट प्रेस, कुपन्डोललाई ।
- वितरण कार्यमा सहयोग गर्ने महानुभावहरूलाई ।
- विज्ञापन तथा आर्थिक सहयोग उपलब्ध गराउने महानुभावहरूलाई ।
- समाजले आयोजना गरेका प्रारम्भदेखि हालसम्मका विविध कार्यमा यावत् हिसाबले मद्दत गर्ने महानुभावहरूलाई ।
- विभिन्न क्षेत्रका टेलिफोन नम्बर उपलब्ध गराइदिने व्यक्ति तथा सङ्घसंस्थाहरूलाई ।
- जेबी टेलिफोन पुस्तिकाको प्रकाशनका लागि आवश्यक सामग्री जुटाइदिने महानुभावहरूलाई ।
- बैठकका लागि स्थान र खाजाको व्यवस्था गरिदिने डा. शास्त्रदत्त पन्त, डा. हरिहरदेव पन्त, रथी अमर पन्त, ध्रुवदेव पन्त, अर्जुन पन्त, वरिष्ठ अधिवक्ता सुशीलकुमार पन्तसमेतका महानुभावहरूलाई ।
- आफैले छाप्याङ्न गरेका आवश्यक चित्र उपलब्ध गराई सहयोग गर्ने रथी (अ.प्रा.) अमर पन्त तथा जीवमूर्ति पन्तलाई ।
- आआफ्ना क्षेत्रबाट हार्दिक स्नेह जनाई कार्यात्मक र भावनात्मक हिसाबले सहयोग गर्ने समस्त महानुभावहरूलाई ।

# सम्पादकको वक्तव्य

मानवसभ्यताको प्राचीन कालदेखि नै नेपालमा लामो समयदेखि पन्तहरूको बसोबास रहेको देखिन्छ । यस थरका व्यक्ति र परिवारले राष्ट्र, समाज र कुटुम्बकै सान, मान, गौरव र इज्जत बढ्ने खालका महत्त्वपूर्ण योगदान दिई पन्तथरलाई नै उच्चतामा पुऱ्याउने काम गरेका छन् । यस कुराका साक्षी उपर्युक्त क्षेत्रका ठाउँठाउँका घटना, पुराकथा, जनश्रुति र इतिहास छन् । हाम्रा ती पूर्वजहरू सदा वन्दनीय छन्, जसले हामी सबै पन्तहरूलाई सामाजिक मर्यादाका सन्दर्भमा समाजमा उच्चस्थान प्रदान गर्नमा ऐतिहासिक भूमिका निर्वाह गरे । धेरैजसो इतिहासकारहरू के कुरामा सहमत छन् भने जहाँ रहेबसे पनि समाजको कल्याण तथा मानवको हितका लागि सधैं पन्तहरूले सधैं सङ्घर्ष र बाधाव्यवधानको सामना गरेकै कारण आआफ्ना रैथानमा चर्चित बन्दैआएका हुन् । त्यसैले समयसमयका राजारजौटाहरूले विशिष्ट कार्यको सम्मानको प्रतीकका अर्थमा महत्त्वपूर्ण व्यक्ति र परिवारलाई कदरस्वरूप **पन्त** थर वा पदवी प्रदान गर्ने गरेका हुन् । सम्मान र कदरका अर्थमा विशिष्ट व्यक्ति र परिवारलाई **पन्त** थर प्रदान गर्ने क्रम व्यापक भएकै कारण पन्तहरू विस्तृत क्षेत्रमा फैलिनका साथै धेरै सङ्ख्यामा देखिएका हुन् । हाल भारद्वाज, वत्स, उपमन्यु, गर्ग, वसिष्ठ, पराशर, काश्यप, गौतम, अत्रि, भृगु, अङ्गिरा, कौशिकलगायतका अनेकौं गोत्रमा पन्तहरू नेपालमा फैलिएका देखिन्छन् । इष्टदेवी महाकाली र भगवान् शङ्कर, विष्णु तथा सूर्य यस थरका प्रमुख आराध्य देवीदेवता हुन् । हाल पनि यिनै शिव र शक्तिका पीठ मानिने महाकालीलाई इष्टदेवी तथा वेताल र मस्टालाई कुलदेवता मानेर यो थर पूजा गर्दछ ।

राजनीति, प्रशासन, न्याय, शिक्षा, स्वास्थ्य, साहित्य र ज्यौतिषजस्ता विषयमा पन्तहरूले अतीतदेखि हालसम्म आआफ्ना मुलुक, क्षेत्र र समाजमा ख्याति पाउँदै आएका छन् । गरेको काम फत्ते पारेर छाड्ने, लोभलालचमा नअल्झने, सेवाको अवसर पाउँदा प्रसन्न हुने, उदार सोचाइ राख्ने, सही सल्लाह दिने, आँटिला काममा हात हाल्ने, नझुक्ने, नडराउने, स्वाभिमानलाई पुँजी ठान्ने, नेतृत्व लिन चाहने र अनुयायी नबन्ने गुणदोषका सामान्यीकरणना यिनीहरूलाई हेर्न सकिन्छ । व्यक्ति, समाज वा आफ्नो पहुँचको घेराभित्र अन्याय हुन थाल्दा सदैव त्यसको कडा प्रतिकार गर्न अग्रणी भूमिका खेल्ने काम यिनीहरूले गर्दै आएका छन् । त्यसैले **जाँ पन्त हुनाहान् ताँ अन्याँ हुनीन** अर्थात् 'जहाँ पन्तहरू हुन्छन् त्यहाँ अन्याय हुँदैन' भन्ने उखान डोटी र कुमाउँक्षेत्रमा व्याप्त छ ।

दानशील स्वभाव, दिल खोलेर सहयोग गर्ने, मन परेकालाई जस्तोसुकै बहुमूल्य उपहार पनि सहर्ष दिने, कठिन अवस्थाको सामना गर्न रुचाउने, खतरासित खेल्ने र समस्या सुल्झ्याउन जे पनि दाउमा लगाउनसक्ने स्वभाव यिनीहरूको देखिन्छ । सङ्कट मोल्ने, हिम्मत नछोड्ने, खरो वा स्पष्ट बोल्ने र मनमा कुरा लुकाउन नसक्ने बानी पनि यिनीहरूमा पाइन्छ । त्यसैले त डोटीमा **पन्त ज्याद्दाहान् त्यो जन् अरः, पन्त जे भण्णाहान् त्यो अर** अर्थात् 'पन्तहरू जे

गर्छन् त्यसको सिको कसैले नगर, पन्तहरू जे भन्छन् त्यो चाहिँ गर' भन्ने उखान प्रचलित छ । यस्तै उखान कुमाउँमा पनि चलेको देखिन्छ । कुमाउँनीहरू भन्छन्, जे पन्त कन त्यो सब करण, जे पन्त करण त्यो क्वै नकरण अर्थात् 'पन्तहरू जे भन्छन् त्यो सबैले गर तर पन्तहरू जे गर्छन् त्यो कसैले नगर ।' दाउ लगाउनसक्ने यिनीहरूको जस्तो हिम्मत सबैमा नहुने भएकाले उपर्युक्त उखान चलेको हुनुपर्दछ । लवाइखवाइ, कुरा गराइ र हिँडाइडुलाइमा रबाफिलोपन देखाउने यिनीहरूलाई आदरसम्मान बढी चाहिन्छ । अर्काको चाकडी गरेर आफ्नो दुनो सोज्याउने कला यिनीहरू जान्दैनन् । त्यसैले पनि पदप्रतिष्ठा र शक्तिसामर्थ्य पाएर उच्च ओहदामा बसेकाहरूसँग यिनीहरूको सुमधुर सम्बन्ध दिगो हुँदैन । निश्चय नै यिनीहरू भित्री ऊर्जाका धनी हुन्छन् ।

'पन्त समाज नेपाल' गैरराजनीतिक, गैरधार्मिक, गैरसाम्प्रदायिक, गैरआर्थिक मुनाफामूलक समाज हो र कसैप्रति कुनै पनि किसिमको पूर्वाग्रह, द्वेष, क्रोध, वितृष्णा, वैरभाव, घृणा, आक्रोश र डाह नराखी विशुद्धरूपमा नेपालका सारा पन्तहरूलाई समेटेर आपसी सद्भाव, एकता, सहयोग, समभदारी, शान्ति, भाइचारा, समाजसेवा, परोपकार, राष्ट्रसेवाजस्ता सत्कार्य गर्ने सामाजिक संस्था हो । 'तुलनात्मक रूपमा हामी अधिक आपसी सद्भाव, अधिक एकता, अधिक सहयोग, अधिक समभदारी, अधिक शान्ति, अधिक भाइचारा, अधिक समाजसेवा, अधिक परोपकार, अधिक राष्ट्रसेवाका काम गरौँ र अतीतदेखि कायम हुँदैआएको पन्तकुलको गौरव बढाउनमा सक्रिय बनौँ' भन्ने विचारबाट अभिप्रेरित भएर यस समाजका माध्यमबाट हामी देखिएका हौँ ।

पुर्खाहरूका गुणगानमात्र गरी निष्क्रिय भइयो भने नाक ठाडो पार्न सकिँदैन र आफ्नो वर्चस्व कायम गर्न तथा समाजको हित गर्न सकिँदैन । त्यसका लागि इतिहासबाट पाठ सिकी समयसापेक्षरूपमा आफूलाई परिवर्तित गरेर जनहितमा निःस्वार्थ हिसाबले समर्पित हुनु आवश्यक हुन्छ । पूर्वजहरूले गरेका सत्कार्यको निरन्तरता नयाँ सन्ततिबाट भएन भने 'हिङ बाँधिएको रित्तो टालोले बास्ना दिए पनि हिङको अभाव पूरा गर्न नसके' जस्तै सार्थक उपलब्धि हासिल गर्न सकिँदैन । यो थर ज्ञानको प्रतीक हो, मानको प्रतीक हो, न्याय, अनुशासन, मर्यादा र संयमको प्रतीक पनि हो । यिनै प्रतीकहरूको जगेर्ना गर्न र यस थरका व्यक्ति एवम् परिवारलाई सङ्गठित तुल्याएर समाजमा अतीतदेखि चल्दै आएको गौरवशाली परम्परा कायम गर्नका साथै रचनात्मक तथा उदाहरणीय काम गरेर लोककल्याणमा संलग्न हुन 'पन्त समाज नेपाल' को आवश्यकता अनुभव गरिएको हो र यस संस्थाको स्थापना गरिएको हो । थर, गोत्र, प्रवर, क्षेत्र, समाज, गाउँ, वस्ती, टोल, गल्लीविशेषका पन्तबन्धुहरूले छुट्टै संस्था वा सङ्गठन स्थापना गरेर आआफ्नो उन्नतिका लागि कार्य गर्न सक्तछन् । त्यस्ता कार्यमा पनि यसले अभिभावक वा छाता संस्थाको भूमिका निभाउँछ । यसबाट त्यस्तो प्रकृतिका सङ्घसंस्थालाई बाधक नभएर साधकको भूमिका प्रदान गरिन्छ । यो सारा का सारा पन्तहरूको साझा संस्था हो । प्रस्तुत मुखपत्रको अध्ययनबाट पनि यहाँले यो कुरा स्पष्टसित बुझ्नुहुनेछ । यसले निर्धारण गरेका उद्देश्य प्राप्त गर्न यहाँको ज्ञान, योग्यता, अनुभव, संलग्नता, सक्रियता, सदस्यता र तन, मन, धनको खाँचो छ ।

यस स्मारिका वा मुखपत्रको नाम 'भावजाह्नवी' राखिएको छ । पवित्र भावनाको प्रवाह अर्थात् कल्पनाशील अवस्थामा मनमा उर्लेका भावरूपी गङ्गा भन्ने अर्थमा यो नाम छानिएको हो । राजा जह्नुकी छोरी 'जाह्नवी' अर्थात् 'गङ्गा' नदीका रूपमा स्वर्गमा 'मन्दाकिनी' पातालमा 'भोगवती' र पितृलोकमा बग्दा 'वैतरणी' नामले चर्चित छन् । 'अमरकोश' मा 'जाह्नवी' का पर्यायवाचीका रूपमा 'गङ्गा', 'विष्णुपदी', 'जह्नुतनया', 'सुरनिम्नगा', 'भागीरथी', 'त्रिपथगा', 'त्रिस्रोता' र 'भीष्मसू' शब्द पनि आउने कुरा भनिएको छ- 'गङ्गा, विष्णुपदी, जह्नुतनया, सुरनिम्नगा, भागीरथी, त्रिपथगा, त्रिस्रोता, भीष्मसूरपि' (१।१०।३१) । राजा भगीरथका कठोर तपस्याबाट प्रसन्न भएकी यिनै जह्नुपुत्री अर्थात् 'जाह्नवी' पृथ्वीलोकमा 'गङ्गा' र 'भागीरथी' दुवै नामले प्रसिद्ध छन् । आत्मीय भावको पुञ्ज यस स्मारिकाको नाम राख्दा 'भाव' मा ज्यादै तीव्र गति वा प्रवाहकी प्रतीक मानिने तिनै 'जाह्नवी' शब्द जोडेर बन्ने संयुक्त शब्द नै प्रिय, उपयुक्त र प्रासङ्गिक लाग्यो । बन्धुत्वको भावना वा विचारबाट 'पन्त समाज नेपाल' को स्थापना गरिएको हो । पन्तबन्धुको साझा भावनाको गङ्गा बग्नेक्रममा संस्थापित यस चौतारीमा बस्दै गर्दा साझा सल्लाहबाटै ठहर गरी थालिएको रचनात्मक काममध्येको एउटा क्रियाकलाप यस स्मारिकाको प्रकाशन पनि भएकोले यही नाम दिने निर्णय हामीले गऱ्यौँ । सामान्य अर्थमा भावनाकी गङ्गा भन्ने आशय व्यक्त गर्ने 'भावजाह्नवी' शब्दले 'पन्त समाज नेपाल' कै भावभूमिको प्रतिनिधित्व गर्दछ । त्यसैले पनि यो नाम सुरुचिपूर्वक चयन गरिएको हो ।

सीमित समयभित्रको तयारी, संयोजनको कमी, एकोहोरो भएर लाग्न नपाइएको अवस्था, पहिलो प्रयास, स्थिर नभइसकेको संरचना, वर्तमान लोड सेडिङ्बाट उत्पन्न हुने प्राविधिक समस्या र वैयक्तिक असावधानीजस्ता अनेकौँ कारणबाट यो यसरूपमै आदरणीय पाठकका हातमा राख्न बाध्य भयौँ । यसमा अनेकौँ अशुद्धि, अपरिष्कार, आलोकाँचोपन, कमजोरी र लापर्बाही रहेका हुन सक्तछन् । विशेषगरी वंशावलीका सन्दर्भमा आमा र छोरीको शृङ्खला समावेश हुन सकेको छैन । यो गम्भीर त्रुटि हो भन्ने कुरा थाहा पाउँदापाउँदै पनि सुधारका लागि प्राप्त हुनसक्ने सामग्री एवम् सुझावको अपेक्षा र आगामी अङ्कमा पूर्ण वंशावली दिनका निमित्त आधार बन्न सक्ने भएकोले सङ्कोच लाग्दालाग्दै पनि अहिलेलाई परम्परागत ढङ्गको पितृवंशको वंशावली नै प्रस्तुत गरेका छौँ । यस कार्यमा सहयोग गर्ने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ । यसभित्र समेटिएका लेख, वंशावली, कविता, निबन्धलगायतका समस्त रचनामा भनिएका कुराको जिम्मेवारी र उत्तरदायित्व सम्बन्धित लेखकमा नै रहने कुरा निवेदन गर्दछौँ । अन्त्यमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'शाकुन्तल महाकाव्य' को निम्नलिखित श्लोक उद्धृत गर्दै विराम लिन्छौँ-

*जस्तो भो शिशुले पढ्न् कनिकुथी कस्तो कथा हो भनी*
*रेखा तीन हुने विचार गहिरा दाढी बढारून् यहाँ*

*घुम्टो आधि झिकेर स्त्रीहरू पढून् टाढा चिहाईकन*
*काँढाबाट बची सबै रसिकले पत्ती गुलाफी सुँघून् ॥*

# विषयसूची

पहिलो खण्ड


१. गोणु पन्तको थिए ? - डा.स्वामी प्रपन्नाचाय / १
२. पन्त वंशवृक्ष : अतीतको झझल्को - वेदराज पन्त / ६
३. कवि भानुभक्त आचार्यका गुरु पण्डित बद्रीनाथ पन्त -डा.शास्त्रदत्त पन्त / ९
४. आराध्यदेवी मैदानकालीबारे जानकारी - अवकाशप्राप्त रथी (अ.प्रा.) अमर पन्त/ १३
५. पन्त समाज नेपालको औचित्य - एकेन्द्र पन्त / १७
६. तेजमूर्ति पन्तको सामान्य परिचय र उहाँका केही कविता - जीवमूर्ति पन्त/ १९
७. कालजयी राजनेता सहिद भीमदत्त पन्त - प्रा.डा.जयराज पन्त /२२
८. पुर्खाहरूको थातथलो र पदचिह्न पछ्याउँदै / - भूपनिधि पन्त /३२
९. आदिकवि भानुभक्त आचार्यले बागलुङमा पढेका कुराको जानकारीसहित शुभकामना -विश्वनाथ रेग्मी/ ४१
१०. पन्तकुलका महान् व्यक्तित्व डमरुवल्लभ पन्त- नारायणवल्लभ पन्त /४४
११. पन्तहरूसँग - अधिवक्ता भोजराज भट्ट / ४९
१२. सम्झनामा अतीत र वर्तमान -कल्पना पाण्डे /५३
१३. कवि भरत रत्नैसरि थिए -डा. घनश्याम शर्मा पौडेल / ५६


दोस्रो खण्ड


१. नेपालका विभिन्न ठाउँका पन्तहरूको इतिहास - डा. शास्त्रदत्त पन्त/५८
२. दैलेखका पन्तहरू - एकेन्द्र पन्त / ११०
३. नारद पन्त : डोटी जिल्लाको जैनोली गाउँका संस्थापक -प्रा.डा. जयराज पन्त / १११
४. विभिन्न गोत्रीय डोटेली पन्तहरू- वासुदेव पाण्डेय/ १२३
५. लमजुङ जिल्लाको चितिस्याउत गाउँका पराशरगोत्री पन्तहरू -हरिकृष्ण पन्त/ १४५
६. अध्यक्ष डा.शास्त्रदत्त पन्तको पहिलो साधारणसभालाई सम्बोधन - १५१


तेस्रो : खण्ड


७. उपाध्यक्ष रथी (अ.प्रा.) अमर पन्तको स्वागत मन्तव्य / १५८
८. महासचिव प्रा.दिनेशराज पन्तको प्रतिवेदन / १५९
९. कोषाध्यक्ष जीवमूर्ति पन्तको प्रतिवेदन/ १६१
१०. हाम्रा गतिविधि / १६३
११. पन्त समाज नेपालको विधान / १७६
१२. सदस्यता प्राप्तिका लागि भर्ने फाराम / १९२



वि.सं. २०६६/११/१५ गते बालाजु उद्यानमा पन्त समाज नेपालद्वारा आयोजित वनभोजमा २०६५ सालको एस.एल.सी. परीक्षामा उत्कृष्ट अङ्क प्राप्त गरेका छात्रालाई छात्रवृत्ति



वि.सं. २०६६/११/१५ गते बालाजु उद्यानमा पन्त समाज नेपालद्वारा आयोजित वनभोजमा सहभागी पन्त बन्धु तथा अन्य इष्टमित्रहरू

पन्त समाज नेपाल
Pant Society Nepal


**भावजाह्नवी (Bhawajahnawai)**

पन्त समाज नेपालको मुखपत्र, वर्ष–१, अङ्क–१, २०६७

जि.प्र.का. काठमाडौँ, दर्ता सङ्ख्या ८९९/२०६५/२०६६

समाज कल्याण परिषद्मा आबद्धताको अनुक्रम २७०७१